# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।०२ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---

जुम्ला जिल्ला गुठीचौरस्थित गुठीचौर भेंडा बाखा फारमको नाममा नाप नक्सा भई फिल्डबुक कायम भएको सरकारी जग्गा मालपोत कार्यालय, जुम्लाका तत्कालीन कार्यालय प्रमुख गोबिन्द प्रसाद न्यौपानेलगायतका कर्मचारीहरुले नापी कार्यालय र भेंडा फारमसँग मिली करिब ९३ हजार व.मि. क्षेत्रफल रहेको उक्त जग्गा व्यक्तिको नाममा बाँडफाँड गरेकोले भूमिसुधार ऐन, २०२१ विपरित सरकारी जग्गा गलत नियतले हदबन्दीभन्दा बढी दर्ता गर्नुका साथै जग्गा बिक्री वितरणसमेत गरी प्राप्त अधिकारको दुरुपयोग गरी सरकारी जग्गा दर्ता गर्ने कार्यमा संलग्न कर्मचारी उपर छानविन गरी भ्रष्टाचारी माथि आवश्यक कार्बाही होस् भन्ने समेत ब्यहोराको उजुरी उपर अनुसन्धान हुँदा जुम्ला जिल्ला साबिक गुठीचौर गा.वि.स. वडा नं. ६/८ को साविक कि.नं.३ को फिल्डबुक मध्येको ३,००,००० (तीन लाख) ब.मी. उक्त भेंडा तथा बाखा कार्यक्रमको नाममा जनिएको सरकारी जग्गा लिनेखाने दूषित मनसायले अभिप्रेरित भई द्वन्दकालमा जली नष्ट भएको सक्कल फाइललाई हरिहर न्यौपानेको निवेदनबाट पुनःउजागर गरी गराई एकआपसमा मिलेमतो गरी भेंडा तथा बाखा अनुसन्धान कार्यक्रमका प्रमुख प्राविधिक कर्मचारी यमुना कुमार श्रेष्ठलाई अनुचित प्रभावमा पारी निजलाई मालपोत कार्यालय जुम्लामा हाजिर हुन लगाई निज यमुना कुमार श्रेष्ठले समेत आफ्नो अधिकार क्षेत्रको कुनै हेक्का नराखी, गैरकानूनी मिलापत्र गर्ने कार्य गरी सोको आडमा उक्त सरकारी सार्वजनिक जग्गा हरिहर न्यौपानेसमेतका १५ जना व्यक्तिको नाममा हक हस्तान्तरण गरेगराएको, गैरकानूनी कार्यमा सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक सरकारी कर्मचारीहरू मालपोत कार्यालय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख (ना.सु) गोबिन्द प्रसाद न्यौपाने, तत्कालीन खरिदार हाल मालपोत कार्यालय चावहिलका ना.सु. बिजय शर्मा न्यौपाने र तत्कालीन भेंडा तथा बाखा अनुसन्धान कार्यक्रम गुठीचौर जुम्लाका कार्यालय प्रमुख यमुना कुमार श्रेष्ठ तथा राष्ट्रसेवक सरकारी कर्मचारीहरूसमेतलाई अनुचित प्रभावमा पारी गैरकानूनी तरिकाबाट उक्त जग्गा आ-आफ्नो नाममा दर्ता गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न भएका जग्गा दर्ता गरी लिने हरिहर न्यौपाने, मुनिश चन्द्र न्यौपाने, मायालाल न्यौपाने, बिष्णु न्यौपाने, बिष्णु ऋषि न्यौपाने, बिष्णुलाल न्यौपाने, पार्वती न्यौपाने, नव ऋषि न्यौपाने, धन प्रसाद न्यौपाने, देवेन्द्र प्रसाद उपाध्याय, जानकी दत्त देवकोटा, गोमा न्यौपाने, केशवराज न्यौपाने, कविदत्त न्यौपानेसमेतको मिलेमतो, गैरकानूनी साँठगाँठ र प्रत्यक्ष संलग्नतामा उक्त सरकारी जग्गा हिनामिना गरेको देखिन आएकोले आफ्नो पदको दुरुपयोग गरी बदनियतपूर्वक सरकारी, सार्वजनिक सम्पत्ति हानिनोक्सानी हुने र व्यक्ति विशेषलाई गैरकानूनी लाभ एवम् प्रत्यक्ष फाइदा पुऱ्याउने कार्यमा संलग्न कर्मचारी तथा गैरकानूनी रुपमा जग्गा दर्ता गरिलिने आरोपीहरूको हकमा देहाय अनुसारका बिगो कायम गरी देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको छ ।

देहाय :-

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १ | गोबिन्द प्रसाद न्यौपाने | तत्कालीन निमित्त कार्यालय प्रमुख(ना.सु) | मालपोत कार्यालय, जुम्ला | रू.४५,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी । |
| २ | बिजय शर्मा न्यौपाने | तत्कालीन खरिदार हाल मालपोत कार्यालय चावहिलका ना.सु. | ,, | रू.४५,००,०००।- | ,, |
| ३ | यमुना कुमार श्रेष्ठ | कार्यालय प्रमुख | तत्कालीन भेंडा तथा बाख्रा अनुसन्धान कार्यक्रम, गुठीचौर, जुम्ला | रू.४५,००,०००।- | ,, |
| ४ | हरिहर न्यौपाने | जग्गा दर्ता गरी लिने | | रू.२,२५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी । |
| ५ | मुनिश चन्द्र न्यौपाने | ,, | | रू.३,००,०००।- | ,, |
| ६ | मायालाल न्यौपाने | ,, | | रू.३,००,०००।- | ,, |
| ७ | बिष्णु न्यौपाने | ,, | | रू.४,९५,०००।- | ,, |
| ८ | बिष्णु ऋषि न्यौपाने | ,, | | रू.३,००,०००।- | ,, |
| ९ | बिष्णुलाल न्यौपाने | ,, | | रू.३,००,०००।- | ,, |
| १० | पार्वती न्यौपाने | ,, | | रू.५,२२,७५०।- | ,, |
| ११ | नव ऋषि न्यौपाने | ,, | | रू.३,००,०००।- | ,, |
| १२ | देवेन्द्र प्रसाद उपाध्याय | ,, | | रू.१,९९,९५०।- | ,, |
| १३ | जानकी दत्त देवकोटा | ,, | | रू.३०,०००।- | ,, |
| १४ | गोमा न्यौपाने | ,, | | रू.५,२७,२५०।- | ,, |
| १५ | केशवराज न्यौपाने | ,, | | रू.२,००,०२५।- | ,, |
| १६ | कविदत्त न्यौपाने | ,, | | रू.३,००,०००।- | ,, |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता